# मिति २०८२/०८/१६ गते सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दर्ता गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | बिशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १. | टंक बहादुर नेगी समेत ८ जना। मुद्दा नं. ०८१-CR००४२ फैसला मिति २०८१।१०।२९ | गैरकानूनी लाभ हानी भ्रष्टाचार गरेको। | **रुवीभ्याली गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत टंक बहादुर नेगी, इन्जिनियर सुदिप रेग्मी, लेखापाल बाबुलाल नेगी र असिष्टेन्ट सब इन्जिनियर लाल मान तामाङको हकमाः-** प्रतिवादीहरु टंक बहादुर नेगी, सुदिप रेग्मी, बाबुलाल नेगी र लाल मान तामाङको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.१०,८९,९८९।५८ (अक्षेरुपि दश लाख उनान्नब्बे हजार नौ सय उनान्नब्बे रुपैया र अन्ठाउन्न पैसा) कायम गरी सोहि ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन माग दावी । | **फैसलाः**<br>**फैसलाः**प्रतिवादीहरु टंक बहादुर नेगी, सुदिप रेग्मी, बाबुलाल नेगी, लालमान तामाङ, प्रशान्त तामाङ, अजयलाल तामाङ, सन्दिप तामाङ, र सञ्चमाया तामाङले आरोपदाबीबाट सफाई पाउने ठहरी मिति २०८१।१०।२९ को बिशेष अदालत, काठमाण्डौबाट फैसला भएको देखिन्छ।<br>**बिशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.**सम्झौता अनुसारको स्थानमा बाटो बने कै देखिएको। | **२. बिशेष अदालत, काठमाण्डौबाट वरामद भएको चेकहरुको हकमा विगो दावी पुग्न नसक्ने ठहर गरी भएको फैसला निम्न आधार कारणवाट बदर भागी छ।**<br>**क.**प्रस्तुत मुद्दामा आ.व. २०७६/०७७ सालमा धादिङ जिल्ला, रुवीभ्याली गाउँपालिकामा संचालित विभिन्न योजनाहरुमा पागोमा देखि स्कुलसम्म सडक निर्माणको योजनाको संक्षिप्त तथ्य यसप्रकार रहेको देखिन्छ।<br>**ख.**रुबीभ्याली गाउँपालिकाले पागोमा देखि स्कुलसम्म शाखा सडक निर्माणको detailed estimating & Costing तयार पारिएको विवरण यसप्रकार रहेको देखिन्छ।यस इष्टिमेट तथा कस्टिङमा रुबीभ्याली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टंक बहादुर नेगी, इन्जिनियर सुदिप रेग्मी, तथा सब इन्जिनियर लाल मान तामाङले प्रमाणित गरेको देखिदा उक्त लागत अनुमान अनुसारको कार्य गर्नु पर्ने प्रतिवादीहरुको दायित्व रहेको देखिन्छ।<br>**ग.**माथि उल्लेखित शाखा सडक निर्माण आयोजनाको Estimate & Costing को कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिको अध्यक्ष अजयलाल तामाङ, नाप जाँच गर्ने प्राविधिक सब इन्जिनियर लाल मान तामाङ, सिफारिश गर्ने इन्जिनियर सुदिप रेग्मी, हिसाब जाँच गर्ने आर्थिक प्रशासन शाखा प्रमुख बाबुलाल नेगी, र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने रुबीभ्याली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टंक बहादुर नेगीले कार्य सम्पन्न रकम रू.१९,९३,०२७।— मध्ये रू.१७,५१,७०९।– (अग्रीम आयकर समेत) भुक्तानी गरेको देखिन्छ। उक्त योजनामा इष्टिमेट अनुसारको फिल्डमा काम नभएको र फिल्डमा नभएको काम भएको छ भनि नापी किताब कार्यसम्पन्न प्रतिवेदन तयार गरि बढी भुक्तानी दिई हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी प्रतिवेदनको आधारमा प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ।<br>**घ.**उक्त योजनाका सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालका इ. रोशन कुमार दास समेतको स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिवेदन हेर्दा उक्त योजनाको स्थलगत निरिक्षणको क्रममा ८००मि. सम्ममा ३ देखि ६ मि. चौडाई र ३ मि. देखि ५ मि. को उचाईमा खन्ने कार्य भएको देखिएको र सो भन्दा अगाडि २५०मि. सम्ममा खेतमा बाटो सम्याएको देखिन्छ। इष्टिमेटमा २००० मिटर लम्बाईमा ६ मिटर चौडाइ र ४ मिटर उचाइको बाटो निर्माण गर्ने भनि इष्टिमेट भएकोमा नापीकिताबमा १०८० मिटर लम्बाईमा ७.५मिटर सम्मको चौडाई र १०.३ मिटर सम्मको उचाइमा सडकको नापिकिताब तयार भएको देखिन्छ।साथै इष्टिमेटमा Cutting को Number ०.५ रहेकोमा नापीकिताबमा Cutting को Number ०.६ राखी मूल्यांकन गरेको देखिन्छ। यसरी उक्त सडकको ४६% लम्बाई घटेकोमा Quantity मात्र १४.३८% घटेकोले सोको कुनै भेरिएसन भएको देखिदैन भन्ने समेत व्यहोराको मिति २०७७।१२।१३ गतेको स्थलगत प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **(२)रुवी भ्याली गाउँपालिका वडा नं ४ का तत्कालिन वडाध्यक्ष प्रशान्त तामाङको हकमाः-**<br>प्रतिवादी प्रशान्त तामाङलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद जरिबानाको सजाय हुन मागदावी ।<br><br>**(३) रुवी भ्याली गाउँपालिका वडा नं ४ पागोमा देखि स्कुल सम्म शाखा सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष अजयलाल तामाङ, सचिव सन्जिव तामाङ र कोषाध्यक्ष सञ्चा माया तामाङको हकमाः-**<br>प्रतिवादीहरु अजयलाल तामाङ, सन्जिव तामाङ र सञ्चा माया तामाङले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिम कसुर भएको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.१०,८९,९८९।५८ (अक्षरेपी दश लाख उनान्नब्बे हजार नौ सय उनान्नब्बे रुपैया र अन्ठाउन्न पैसा मात्र) कायम | **ख.**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको शाखा अधिकृत कुलचन्द्र पराजुली समेतको प्रतिवेदनमा प्रस्तुत योजना तथा कार्यक्रमहरुको थप अनुसन्धान हुनुपर्ने भनी उल्लेख गरेकोमा सो अनुसार थप अनुसन्धान भएको नदेखिएको, चेनेज सहित स्थलगत नापजाँच गरेको नदेखिएको।<br><br>**ग.**योजनास्थल हेर्दा कहीं बढी भिरालो र कहीं कम भिरालो तथा खेतको भागमा माटो कटिङ गर्नुपर्ने स्थानमा एकसमान उचाइलाई आधार मानी माटो कटिङको परिणाम निकाली आरोपदावी लिएको आधारमा मात्र भएको काम भन्दा बढी | पेश गरेको देखिन्छ।<br>यसरी लागत अनुमान, नापी किताब(Office Measurement), र स्थलगत नापजाँच (Field Measurement)मा अन्तर देखिएकोले प्रस्तुत योजनामा लागत अनुमान अनुसारको कार्य नभएको तथ्य स्पष्ट देखिन्छ।<br>**ङ.**प्रतिवादीहरुले नापी किताबमा १०८० मी. लम्बाई सडकमा Earthwork को परिमाण २०,५४८।५५ घ.मि. कार्य भएको भनी भुक्तानी भएको देखिएकोमा स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदनमा ८०० मि. x ४.५ मि. x ४ मि. गरी कार्यालयको नापी किताबमा राखेको फ्याक्टर ०.६० बमोजिम गणना गर्दा जम्मा ८६४० घ.मी. को कार्य भएको देखिन्छ। नापी किताबमा इष्टिमेटमा नै नभएको १४६.२० घ.मि. को कडा चट्टान खन्ने परिमाण समेत विना भेरियशन र कुनै औचित्य, कारण र पुष्ट्याई विना नै उल्लेख गरी भुक्तानी दिएकोमा सो समेतलाई कार्य भएको नै भनी गणना गरी नापी किताबमा तयार भएको, Hard Rock को सबै परिमाण गणना गरी बाँकी नापि कितावमा उल्लेख भएको, All Type of Soil Excavation को कार्यको भुक्तानी भएको परिमाण २०,४०२।३५ वाट फिल्डमा वास्तविक कार्य भएको परिमाण ८,४९३।८० घटाउदा जम्मा बढी भुक्तानी भएको परिमाण ११९०८.५५ घ.मी. देखिन्छ, उक्त परिमाण अनुसार ११,९०८।५५ x ९१.५३ = रु.१०,८९,९८९।५८ (अक्षेरुपी दश लाख उनान्नब्बे हजार नौ सय उनान्नब्बे रुपैया अन्ठाउन्न पैसा मात्र) रकम वरावरको कार्य फिल्डमा नगरी काम भएको छ भनि नापी कितावमा उल्लेख गरि बढी रकम भुक्तानी गरेको तथ्य मिशिल संलग्न प्राविधिक प्रतिवेदन एवं निज प्रतिवेदक इ. रोशन कुमार दास समेतको बकपत्र स्थापित भएकोले उक्त तथ्यलाई प्रमाण ऐन २०३१ को दफा १८ दफा २० बमोजिमका प्रमाणहरुलाई सोही ऐनको दफा ३ बमोजिम प्रमाणमा लिई प्रतिवादीहरुलाई सजाय गर्नु पर्नेमा सफाई दिने गरि भएको फैसला प्रमाण ग्राह्यताको सिद्धान्त विपरित हुन गई त्रुटिपुर्ण रहेकोले बदर भागी छ।<br>**च.** प्रतिवादीहरुले अनुसन्धानको क्रममा र अदलतमा समेत बयान गर्दा लागत अनुमान अनुसारको काम नभएको, लागत अनुमान भन्दा फरक काम गर्दा भेरियशन स्वीकृत गराउनु पर्नेमा गरिएको छैन भन्ने तथ्यलाई स्विकार गरेको देखिन्छ। यसरी लागत अनुमान भन्दा फरक तवरबाट कार्य गर्दा वा लागत अनुमान संशोधन गर्नु पर्दा उपभोक्ता समितिमा बैठक बसी निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संशोधन गरेपश्चात मात्र कार्य गराउनु पर्ने हुन्छ। यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समूहनै जिम्मेवार हुनेछ भनी योजनाले शर्तहरु उल्लेख भएको देखिदा देखिदै शर्त विपरीत भएको कार्यमा प्रतिवादीहरुको बदनियत देखिएकोले प्रतिवादीहरुलाई आरोप दावी वमोजिम सजाय गर्नु पर्नेमा सफाई दिई भएको फैसला त्रुटीपुर्ण हुदा बदर भागि रहेको छ।<br>**छ.**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ भेरिएशन सम्बन्धी कार्यविधि समेतलाई हेर्दा खरिद सम्झौताको कार्यमा भेरिएशनको अनिवार्यता गरेकोमा प्रस्तुत मुद्दामा रहेको आयोजनाको सम्झौताको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी। | भुक्तानी दिएको भन्ने प्रतिवेदनको आधारमा लिएको आरोपदावी बस्तुनिष्ठ र भरपर्दो नदेखिएको। | कार्यान्वयनको क्रममा पूर्वानुमान गर्न नसकिएको परिस्थिति देखा पर्दा (Hard Rock भेटिएको) भेरिएशन गरिएको देखिंदैन। उपनियम (२) मा निर्माण कार्यको भेरिएशन जारी गर्नुपर्दा देहायबमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ भनी व्यवस्था गरिएको देखिन्छ। देहाय (क) मा निर्माण कार्यको ड्रईङ, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, देहाय (ख) मा भेरिएशन परिमाणको प्राविधिक पुष्टयाई र कारण भनेर व्यवस्था गरेको देखिन्छ। यस नियमानुसार पामो माने देखि स्कुलसम्मको आयोजनामा Hard Rock को परिमाण शुन्य रहेकोमा Hard Rock को परिमाण १४६.०२ बदली भुक्तानी लिएकोमा All Soil Item को कार्य पनि पुरा भएको भनी शुरुको निर्माण कार्यको ड्रईङ, डिजाइन तथा स्पेशिफिकेशनमा बदली उक्त बिषय सार्वजनिक निकायको प्रमुखसंग पनि प्रमाणित नगरी कार्य गरेको देखियो। जुन भष्ट्राचार ऐनको भित्रको कसूर भएको स्थापित हुन आयो। Ignorance of Law no excuse भनेजस्तै उपभोक्ता समितिका प्रतिवादी सदस्यहरुले, प्राविधिकले भेरिएशन प्रमाणित गर्नुपर्ने भन्ने योजनामा शर्त नभएको र उपभोक्ता समितिको लागि कानूनी व्यवस्था नभएकोले भनेर छुट पाउने होइन। कानुन थाहा भएन भनि कानुन विरुद्धको काम गर्न नमिल्ने फौजदारी कानुनको सामान्य सिद्धान्त समेत भएकोले कानुनी व्यवस्था आयोजनाको कागजमा रहेको थिएन भनी प्रतिवादीहरुले उन्मुक्ति पाउने हैन। सार्वजनिक खरिद ऐन तथा नियमावली सार्वजनिक निर्माण कार्य लगायतको कार्यहरुको लागि नियमन हुने गरी बनाएको कानुन भएकोले रुवीभ्याली गाउँपालिका वडा नं ४ को पागो माने देखि स्कुलसम्मको शाखा सडक निर्माण सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुरुप कार्य भएको हुनुपर्थ्यो तर सो हुन नसकेबाट अनियमितता तथा बदनियत देखिएको स्पष्ट छ। बाटो निर्माण पुरा नहुनु र इष्टिमेट परिमाणमा संशोधन गरी भेरिएशन प्रमाणित नगरी गरिएको कार्य भ्रष्टाचारको कसूरभित्र रहेको स्थापित हुन आएको अवस्था हुँदा उक्त तथ्य एवं कानुनी ब्यवस्थालाई नजरअन्दाज गरि भएको फैसला त्रुटीपुर्ण देखिन्छ।<br>**ज.**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको शाखा अधिकृत कुलचन्द्र पराजुली समेतको प्रतिवेदनबाट राय सुझावमा नै प्रस्तुत योजना तथा कार्यक्रमहरुको थप अनुसन्धान हुनुपर्ने भनी उल्लेख गरेकोमा सो थप अनुसन्धान भएको नदेखिएको भनि शुरु बिशेष अदालतले लिएको आधार लिएको देखिन्छ। प्रस्तुत मुद्दामा प्रारम्भिक छानबिनको क्रममा स्थलगत नापजाँच एवम मुचुल्का गर्दा लागत अनुमान अनुसारको काम नभएको र स्थलगत रुपमा नभएको कामलाई भए गरेको देखाई बढी भुक्तानी गरेकोले सो हकमा विस्तृत अनुसन्धान गर्न अनुसन्धान अधिकृत तोकी अनुसन्धान भएको देखिन्छ। विस्तृत अनुसन्धान गर्दा प्रतिवादीहरुको बयान कागज समेत गरि अनुसन्धान पुरा गरि अभियोजन गरेको देखिन्छ। एक पटक स्थलगत नापजाँच गर्दा नापी किताव अनुसारको काम नभएको तथ्य प्रमाणित भई सके पछि पटक पटक स्थलगत नापजाँच गर्नु पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अवस्था हुदैन।स्थल नापजाँच गर्ने प्रतिवेदकले थप अनुसन्धान हुने पर्ने भनि राखेको सुझाव भनेको पुन नापजाँच नभई अन्य थप अनुसन्धान भन्ने हो।सो तथ्यलाइ अदालतले अनुसन्धान पुर्ण नभएको, पुनः नापजाँच गर्नु पर्ने जस्ता प्रतिवादीहरुलाई सफाई दिन कै लागी आत्मगत तर्क उल्लेख गरि इष्टिमेट अनुसारको फिल्डमा काम नभएको र नभएको काम भए गरेको भनि नापी किताबमा देखाई रु.१०,८९,९८९।५८ बढी भुक्तानी गरि सरकारी रकम हानीनोक्सानी भएको तथ्य स्थापित भई रहेको अवस्था देखिंदा देखिदै सो प्रमाणको उपेक्षा गरि प्रतिवादिहरुलाई आरोपदावीबाट सफाइ दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण रहेकोले बदरयोग्य रहेको छ।<br>**झ. सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा** (स.अ. वुलेटिन, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णाङ्क ४१७, पृष्ठ १९) मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व पत्ता लाग्छ" भनि प्रतिवादीको बदनियतपुर्ण कार्य र मनसाय पत्ता लगाउने आधारको ब्याख्या भएको पाईन्छ।प्रस्तुत मुद्दा आरोप पत्रमा प्रतिवादी कायम गरिएका ब्यक्तिहरुले एक आपसमा मिलेमतो गरि आफैले स्वीकृत तथा प्रतिबद्धता जनाएको लागत अनुमान र संझौताका शर्तहरुको उल्लघन गरि वदनियतपुर्ण तरिकाले लागत अनुमान भन्दा फरक काम गरेको देखाई, सो अनुसारको भेरिएसन अर्डर स्विकृत नगराइ नभए नगरेको कार्यलाई भने गरेको देखाई नापी तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरि हचुवा आधारमा उपभोक्ता समितिलाई रु.१०,८९,९८९।५८ बढी भुक्तानी गरि सरकारी रकम हानीनोक्सानी गरेको तथ्य स्पष्ट हुँदा हुदै प्रतिवादीहरुलाई आरोपदावीबाट सफाइ दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण रहेकोले बदर भागी रहेको छ।<br>**अतः**माथि विवेचित तथ्य आधार प्रमाणहरू समेतबाट प्रतिवादीहरू रुबीभ्याली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टंक बहादुर नेगी, आर्थिक प्रशासन शाखा प्रमुख बाबुलाल नेगी,इन्जिनियर सुदिप रेग्मी, तथा सब इन्जिनियर लाल मान तामाङ,उपभोक्ता समितिका अध्यक्ष अजयलाल तामाङ, सचिव सन्दिप तामाङ, र कोषाध्यक्ष सन्चामाया तामाङ तथा अनुगमन समितिका अध्यक्ष प्रशान्त तामाङले बिभिन्न पदमा रही रुबीभ्याली गाउँपालिका र पागोमा देखि स्कुलसम्मको शाखा सडक निर्माणको लागि गरिएको सम्झौताका शर्तहरु उल्लंघन गरी आइटम संशोधन नगरी गाउँपालिका तथा उपभोक्ता समितिको अनुदान समेत गरि रू.१०,८९,९८९।५८ (अक्षरेपी दश लाख उनानब्बे हजार नौ सय उनानब्बे अठाउन्न पैसा) सरकारी रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसूर गरेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरुलाई आरोपपत्र दावीबाट सफाई दिने ठहर गरि बिशेष अदालतबाट भएको फैसला बदर प्रतिवादीहरुलाई आरोप दावीबमोजिम सजाय गरि पाउन अनुरोध छ। |